प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ११३ ॥ २०८१ जेठ २१ गते सोमबार (3rd Jun 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# सहकारी ठगीमा राप्रपा सांसद बस्नेतसहित ३५ जनाविरुद्ध मुद्दा दर्ता



झापा(प्रस) । पूर्वी नवलपरासीको कावासोतीमा कार्यालय रहेको छिपछिपे उपभोक्ता संस्थाको १६ करोड ५८ लाख रकम हिनामिना गरेको अभियोगमा जिल्ला न्यायाधिवक्ताले राप्रपाकी संघीय सांसद गीता बस्नेतसहित ३५ जनाविरुद्ध जिल्ला अदालतमा आइतबार मुद्दा दर्ता गरेका छन् । जिल्ला न्यायाधिवक्ता हरि घिमिरेका अनुसार सहकारीको रकम हिनामिना र ठगी शीर्षकमा उनीहरुविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता भएको हो

मुद्दा दर्ता नम्बर ०१८३ हो । सर्वसाधारणले बचत गरेको रकम हिनामिना गर्ने संचालक समितिका हालका अध्यक्ष गोपी शर्मा, व्यवस्थापक योगेन्द्र पाण्डे, पूर्वसचिव नगेन्द्रबहादुर रिमाल, राप्रपाकी संघीय सांसद गीता बस्नेतसहित ३५ जनालाई विपक्षी बनाइएको छ ।

सांसद बस्नेतका ज्वाइँ ( अघिल्लो कार्यसमितिका सचिव ) नगेन्द्र रिमालले बिना धितो ९६ लाख रुपैयाँ बर्दियाको गुलरियामा रहेको कृष्णसार रिसोर्टमा लगेर लगानी गरेका हुन् । त्यसको अध्यक्ष गीता बस्नेत भएका कारण उनीविरुद्ध सहकारीको रकम हिनामिना र ठगी अपराधमा मुद्दा दर्ता भएको हो । सहकारीका शेयर सदस्य र नियमित बचतकर्ताबाहेक अन्य व्यक्तिलाई ऋण दिन नपाइने सहकारी ऐनमा व्यवस्था छ । यहाँ शेयर सदस्य नै नरहेको कृष्णसार रिसोर्टमा सोझै ९६ लाख ( साँवा ) रकम लगेर लगानी गरिएको छ ।

३५ जनाबाट सहकारीको हिनामिना भएको १६ करोड ५८ लाख ९२ हजार २ सय ६१ भन्दा धेरै रकम असुलउपर, त्यसको हर्जना र कैद सजायको समेत माग गरिएको छ । 'हिनामिना र कुसर गरेको आधारमा रकम असुल्न पर्ने र हर्जनासहित कैदको माग गरेको छु' न्यायधिवक्ता घिमिरेले भने,'१० जना प्रहरी नियन्त्रणमा छन् । गीता बस्नेतसहित अन्य २५ जना फरार छन् । जिल्ला अदालतले विपक्षी बनाएर फरार रहेका सबै २५ जनाविरुद्ध पक्राउ पूर्जी जारी गरेर अनुसन्धान सुरु गर्नेछ ।

जिल्ला अदालतका सूचना अधिकारी सरिता अर्यालका अनुसार हाल प्रहरी नियन्त्रणमा रहेका १० जनाको सोमवारबाट बयान सुरु हुन्छ । फरार रहेका २५ जनाको अदालतले घरमा सूचना पठाएर जानकारी गराउँछ । संस्थामा ७ वर्षसम्म अध्यक्ष र व्यवस्थापक रहेका योगेन्द्र पाण्डेको डिजाइनमा रकम हिनामिना भएको प्रहरी अनुसन्धानले देखाएको छ । उनी बर्दिया निवासी हुन् । पाण्डेले आफूनिकटका व्यक्तिलाई सञ्चालक समिति, ऋण समिति, र कर्मचारी नियुक्त गरेर बिनाधितो ४ करोड भन्दा बढी लगानी गरेको अनुसन्धानका क्रममा भेटिएको छ । हालका व्यवस्थापक योगेन्द्र पाण्डेले सहकारीमा शेयर सदस्य र बचतकर्ता समेत नरहेका १ सय ४० जनालाई बिनाधितो ऋण लगानी गरेर

❖ बाँकी अन्तिम पृष्ठमा

# बंगलादेशका सांसदको हत्या गर्ने नेपालबाट पक्राउ

झापा(प्रस) । बंगलादेशका सांसद अनवारुल अजिम अनारको हत्यामा संलग्न रहेको आरोप लागेका एक जनालाई नेपालबाट पक्राउ गरिएको छ। हत्याका मुख्य अभियुक्त सियाम हुसेनलाई काठमाडौंबाट पक्राउ गरिएको ढाका ट्रिब्युनले जनाएको छ। उपचारका लागि मे १२ मा भारत पुगेका सांसद अनार भोलिपल्टदेखि नै सम्पर्कविहीन बनेका थिए। मे २२ मा बंगलादेश सरकारले उनको मृत्युको पुष्टि गरेको थियो।

नेपालबाट पक्राउ परेका भनिएका हुसेन सांसदको हत्यालगत्तै काठमाडौं गएको हल्ला चलेको थियो। उनी गत बिहीबार नै पक्राउ परेको समाचारमा उल्लेख छ । हुसेनको सुपुर्दगीका लागि बंगलादेश दूतावासले कूटनीतिक पहल गरिरहेको बताइएको छ। ढाका महानगरीय प्रहरीको डिटेक्टिभ ब्रान्च (डीबी)को चार सदस्यीय टोली शनिबार बिहान नै ढाकाबाट काठमाडौंतर्फ प्रस्थान गरेको ढाका ट्रिब्युनले उल्लेख गरेको छ।

सांसद अनारको हत्यामा संलग्न रहेको आरोप लागेका अन्य अभियुक्त पनि हत्यापछि नेपाल आएको आशंका गरिएको छ। सांसद अनार प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीका सांसद हुन्। उनले २०१४, २०१८ र २०२४ मा झेनैदह-४ बाट चुनाव जितेका थिए।

# पाँचथरमा बोलेरो दुर्घटना, ८ जना घाइते



झापा(प्रस) । झापाको बिर्तामोडबाट पाँचथरतर्फ जाँदै गरेको बोलेरो पाँचथर हिलिहाङ ३ किसेनी खोलास्थित मेची राजमार्गमा दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । आइतवार दिउँसो ३:१० बजेको समयमा जोरपोखरीबाट गोपेटारतर्फ जाँदै गरेको मे१ज २४४२ नम्बरको बोलेरो बाक्लो हुस्सु लागेका कारण चालकले बाटो नदेखेकोले अचानक अनियन्त्रित भई सडकबाट अन्दाजी ३ मिटर तल खसेर दुर्घटना भएको हो । पाँचथर कुम्मायक ३ बस्ने बर्ष ३३ का खगेन्द्र गदालले सो बोलेरो चलाएका थिए । दुर्घटनामा परी ताप्लेजुङ फुङलिङ २ बस्ने बर्ष ३० की कला लिम्बू (शरीरको बिभिन्न भागमा चोट अवस्था सामान्य), उनकी छोरी बर्ष ११ की कृष्टिन लिम्बू (शरीरको बाहिरी भागमा चोट अवस्था सामान्य) उनकै छोरी बर्ष १२ की कृष्टिना लिम्बू (शरीरको बाहिरी भागमा चोट अवस्था सामान्य) , सोही ठाउँ बस्ने बर्ष ७२ की सुरजकुमारी लिम्बू (छातीमा दुखाई रहेको अवस्था मध्यम) ,बर्ष ३१ का कमल लिम्बू (अनुहारमा चोट, अवस्था सामान्य) ,फुङलिङ १ बस्ने बर्ष १७ का अर्जुन सापकोटा (घुँडामा चोट, उपचारको लागि फिदिमतर्फ पठाएको ) सोही ठाउँ बस्ने बर्ष २३ की संगीता सापकोटा (शरीरको विभिन्न भागमा चोट, उपचारको लागि फिदिमतर्फ पठाएको ) गाडी चालक पाँचथर कुम्मायक ३ रानीगाउँ बस्ने बर्ष ३३ का खगेन्द्र गदाल (उपचारको लागि फिदिमतर्फ पठाएको ) घाइते भएका छन् । घाइतेहरूलाई प्रहरी चौकी गोपेटारबाट खटिएको प्रहरी टोलीले उद्धार गरि उपचारको लागि फिदिमस्थित समर्पित अस्पताल पठाई उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । गाडीमा ९ जना सवार रहेका थिए । एकजनालाई केही पनि नभएको जनाइएको छ ।

# दुर्घटनामा भद्रपुरका परियारको मृत्यु



झापा(प्रस) । शनिवार साँझ मेचीनगर नगरपालिका वडा नम्वर-१२ कालिझोडास्थित पूर्व पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा एकजनाको मृत्यु भएको छ । साँझ ७.३० बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्वर-१२ कालिझोडास्थित पूर्व पश्चिम राजमार्गमा बिर्तामोडबाट चारआलीतर्फ जाँदै गरेको प्र.१-०१-०१४प.८७८२ नम्बरको मोटरसाईकल र बिपरित दिशाबाट आउँदै गरेको मे. ११प. २०२८ नम्वरको मोटरसाइकल आपसमा ठक्कर खाई दुर्घटना हुँदा प्र.१-०१-०१४प. ८७८२ नम्बरको मोटरसाइकल चालक भद्रपुर १० बस्ने बर्ष अन्दाजी ५२ का नेत्रप्रसाद परियार सडकमा लडेका थिए । त्यही बेला बिर्तामोडबाट चारआलीतर्फ आउँदै गरेको मे.१ख.३२५१ नम्वरको बसले ठक्कर दिई गम्भीर घाईते भई परियारलाई बीएण्डसी अस्पताल बिर्तामोड झापा पठाएकोमा अस्पताल पुग्नसाथ राति ८ बजे चिकित्सकले मृत घोषणा गरेका थिए । मृतक परियार बिर्तामोडका टेलरिङ ब्यवसायी हुन् । परियारले बिर्तामोडमा गजुरमुखी टेलर्स संचालन गर्दै आएको झापा टेलरिङ ब्यवसायी संघका अध्यक्ष वीरु दर्नालले बताए

दुर्घटनामा मे.११ प.२०२८ नम्वरको मोटरसाइकल चालक हल्दिवारी गाउँपालिका वडा नम्वर-४ बस्ने बर्ष अन्दाजी ३१ का सन्तोष मेचेको टाउकोमा चोट लागेको , सोही मोटरसाइकलमा पछाडि सवार सोही ठाउँ बस्ने बर्ष अन्दाजी ३१ का सुरज मेचेको दाहिने हात र खुट्टामा चोट लागेको र बोल्न सक्ने दुवै घाइतेको सोही अस्पतालमा उपचार भइरहेको छ । दुवै मोटरसाइकल र बस प्रहरी चौकी चारआलीको नियन्त्रणमा र बस चालक फरार रहेकाले खोजतलास भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# गृहमन्त्रीविरुद्धको मुद्दालाई सर्वोच्चले दियो अग्राधिकार



झापा(प्रस) ।सर्वोच्च अदालतले गृहमन्त्री रवि लामिछानेविरुद्ध दायर भएको रिटलाई गम्भीर रूपमा लिँदै अग्राधिकार दिएको छ । सर्वोच्च अदालतले सो मुद्दालाई अग्राधिकार प्रदान गर्दै इजलासबाटै सुनुवाइको मिति तोकेको छ।

आइतबार न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले लामिछानेविरुद्ध अधिवक्ता अनुपम भट्टराईले दायर गरेको रिटमा पहिलो सुनुवाइ गर्दै अर्को सुनुवाइको पेशी पनि तोकेको हो ।

सर्वोच्चले अन्तरिम आदेश जारी गर्ने विषयमा दुवै पक्षबिच छलफल हुनुपर्ने र यो विवाद तत्काल निष्कर्षमा पुग्नुपर्ने भन्दै जेठ २८ गतेका लागि पेशी तोकेको छ।

सहकारी ठगीमा क्लिनचिट दिने गरी महान्यायाधिवक्ता कार्यालयले पत्र लेखेपछि विवाद सुरु भएको थियो।

महान्यायाधिवक्ता कार्यालयले सहकारीका विषयमा कुनै पनि निकायमा अनुसन्धान, जाहेरी र अभियोग नभएको भनी पत्र लेखेपछि त्यसविरुद्ध भट्टराईले रिट पेश गरेका थिए ।

रिटमा लामिछाने सहकारी ठगीमा संलग्न भएको विभिन्न जाहेरी र अभियोगपत्रले देखाएकाले निलम्बन गर्नुपर्ने माग रिटमा गरिएको थियो । रिटमा सहकारी ठगीको पनि अनुसन्धान गर्ने निकाय गृह मन्त्रालय भएको र सोही मन्त्रालयको नेतृत्व लामिछानेले गरेकाले उनलाई निलम्बनको माग रिटमा गरिए पनि सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गर्दै छलफलको मिति तोकेको हो ।

उनले सहकारी ठगीमा विभिन्न जिल्लामा जाहेरी परेको अभियोग पत्रमा समेत नाम उल्लेख भएका व्यक्तिको हकमा यसरी पत्र लेख्नु गैरकानुनी र गैरसंवैधानिक हुने जिकिरसहित रिट पेश गरेका थिए ।

सुरुमा अदालत प्रशासनले रिट दर्ता गर्न अस्वीकार गर्दै दरपिठ गरेको थियो ।

दरपिठ भएपछि त्यसविरुद्ध इजलासमा निवेदन दिएका थिए । न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले दर्ता गर्न आदेश गरेपछि जेठ १४ गते रिट दर्ता भएको थियो । अब अर्को सुनुवाइमा यो विवादमा निकास आउने छ।

# एमाले अर्जुनधाराको अध्यक्षमा प्रधान विजयी



मेचीनगर(प्रस) । आगामी तीनवर्षे कार्यकालका लागि नेकपा एमाले अर्जुनधारा नगर कमिटीको अध्यक्षमा बीर्खबहादुर प्रधान निर्वाचित भएका छन् । आज सम्पन्न निर्वाचनको अन्तिम मतपरिणाम अनुसार १४१ मत प्राप्त गर्दै कोशी प्रदेशका पूर्व प्रदेशसभा सदस्यसमेत रहेका प्रधान विजयी भएका हुन् । उनका प्रतिस्पर्धी तारा खतिवडाले ११४ मतमा चित्त बुझाउनु पर्यो । अध्यक्षका अर्का उम्मेदवार लोकनाथ गौतमले ४७ मत प्राप्त गरे । उपाध्यक्षमा रमेशकुमार त्रिखत्री दर्जी सर्वाधिक १८४ मतका साथ विजयी बने । उनले प्रतिस्पर्धी बीरबहादुर राईलाई ६६ मतले पराजित गरेका हुन् । राईले ११४ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । सचिवमा १७१ मतका साथ श्रीप्रसाद नेपाल विजयी बनेका छन् । उनका प्रतिस्पर्धी नगेन्द्र खनालले १२४ मत ल्याए । त्यस्तै उपसचिवमा भानु मिश्र १४५ मत ल्याएर विजयी बने । उनले नेत्रप्रसाद पौडेललाई ४ मतले पराजित गरेका हुन् । पौडेलले १४१ मतमा चित्त बुझाउनु पर्यो । कुल मतदाता ३२३ रहेका निर्वाचनमा ३११ जनाले मतदान गरेका थिए ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
Rs. 1500/-
Rs. 1050/-
Free Home Delivery



Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# पहिलो पटक झापामा दूध दिवस

• लक्ष्मी उप्रेती

मेचीनगर । कृषि, पशुपंछी तथा सहकारी मन्त्री ज्वालाकुमारी साहले दूधको भुक्तानीको समस्या विगतदेखिकै भएपनि किसानलाई चाँडै भुक्तानीको व्यवस्था मिलाइने बताएकी छन् । २४ औँ विश्व दूध दिवसका अवसरमा राष्ट्रिय दुग्ध विकास बोर्डद्वारा झापाको मेचीनगर– १४ स्थित दुहागढीमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दैं मन्त्री साहले दुग्ध किसानले समयमै दूधको रकम प्राप्त गर्न नसकेको गुनासो आएकाले त्यो यथाशीघ्र समाधान गर्न सघाउने बताइन् ।

मन्त्री साहले भनिन्, ‘यो समस्या अहिलेको होइन विगतदेखिकै समस्या हो । यो अहिले भर्खरको हो भन्ने सोचबाट पछि हट्नुपर्छ ।’ हरेक किसानका आ–आफ्नै समस्या छन् भन्दैं यस्ता समस्या समाधानमा सरकारको मुख मात्र ताक्न नहुने उनको तर्क थियो । ‘जबसम्म किसान र सरकार ती समस्याको समाधानमा सामूहिक रुपमा एकसाथ अघि बढ्दैनौं , तबसम्म समस्याको निराकरण नहुने हुँदा सबै एक ठाउँमा उभिएर आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ’उनले भनिन् । यस क्षेत्रले भोग्नुपरेका समस्याहरुको पहिचान गर्ने र ती समस्याहरुको दीर्घकालीन समाधानमा पहल गर्ने वातावरण बनाउन पनि सरकारसहित सरोकारवालाहरु लाग्न जरुरी रहेको मन्त्री साहको भनाई थियो । मुलुकलाई समृद्ध र जनतालाई सुखी बनाउने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि दुधमा आत्मनिर्भर भएरमात्र नपुग्ने भन्दै उनले यसको विदेश निर्यात अपरिहार्य भइसकेको औंल्याइन् । दुधबाट बनेका बस्तुहरु निर्यातका



लागि निर्यातको सहज व्यवस्था हुन सके किसानले बेचेको दुधको भुक्तानी गर्न कुनै समस्या नहुने उनले बताइन् । कुल गार्हस्थ उत्पादनमा दुग्ध क्षेत्रको योगदान ९ प्रतिशत रहेको छ । हाल नेपालमा दैनिक ६२ लाख लिटर दूध उत्पादन हुने गरेको छ । कोशी प्रदेश सरकारका राज्यमन्त्री सिर्जना राईले दूध तथा दुग्धजन्य पदार्थको प्रवर्द्धनमा सरकार निरन्तर सक्रिय रहेको दावी गरिन् । देशको अर्थतन्त्रमा कृषिक्षेत्रले पुरयाएको योगदान कसैले पनि भुल्न नहुने भन्दैं राज्यमन्त्री राईले परम्परागत कृषि कर्म छाडेर प्रविधिमैत्री कृषितर्फ लाग्न सुझाव दिइन् । नेपाल दुग्ध विकास बोर्डका निमित्त कार्यकारी निर्देशक डाक्टर बालख चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बहुउद्देश्यीय सहकारी संस्था एनएमसीका संस्थापक अध्यक्ष रामचन्द्र उप्रेतीले कोशी प्रदेशमा दूध उत्पादन, खपत, प्रशोधन भण्डारण आदिको अवस्था, समस्या र संभावनाका बारेमा प्रतिवेदन प्रस्तुत गर्दै मन्त्री साहलाई बुझाएका थिए । कोशी प्रदेशका उद्योग कृषि तथा सहकारी मन्त्रालयका सचिव डाक्टर लेखराज दाहाल, दुग्ध विकास संस्थानका महाप्रवन्धक राजेन्द्रप्रसाद अधिकारी, राष्ट्रिय दुग्ध विकास बोर्डका सदस्य सुमित केडिया, दुग्ध सहकारी संघका केन्द्रीय अध्यक्ष अम्बरबहादुर कुँवर, नेपाल डेरी एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, नेपाल डेरी एशोसिएसनका अध्यक्ष सियाराम प्रसाद सिंह, केन्द्रीय पशुपंछी मत्स्य सहकारी संघ नेपालका अध्यक्ष बाबुराम अधिकारीलगायतले यो दिवसले गुणस्तरीय दूध सेवनका लागि जनचेतना फैलाउने, पोषणयुक्त दूध तथा दुग्ध पदार्थको उपभोगमा बृद्धि गर्न प्रचार प्रसार गर्नेलगायतका काममा टेवा पुग्ने विश्वास व्यक्त गरे । राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहर भवन ललितपुरको आयोजना, पशु सेवा विभाग, राष्ट्रिय पशुपंछी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन केन्द्र हरिहर भवन ललितपुर, दुग्ध विकास संस्थान लैनचौर काठमाण्डौं, केन्द्रीय दुग्ध सहकारी संघ लि काठमाण्डौं, नेपाल डेरी एशोसिएसन काठमाण्डौं, डेरी उद्योग संघ काठमाण्डौ, केन्द्रीय पशुपंछी मत्स्य सहकारी संघ लि काठमाण्डौ र नेपाल डेरी साइन्स एशोसिएसन काठमाण्डौंको संयुक्त आयोजनमा कार्यक्रम भएको हो ।स्वागत गर्दै कार्यक्रमको औचित्यमाथि पशु सेवा विभागका उपनिर्देशक डाक्टर विनयकुमार कर्णले प्रकाश पारेका थिए ।

पत्रकारदेखि किसानसम्म सम्मानित

कार्यक्रममा कृषिक्षेत्रमा कलम चलाउने पत्रकार,उत्कृष्ट किसानदेखि उद्योगीसम्मलाई एउटै मञ्चमा सम्मान गरिएको थियो । कृषिक्षेत्रमा सञ्चारमाध्यमबाट पुर्याएको योगदानको मूल्याङ्कन गर्दै आर्थिक अभियानका पत्रकार प्रशान्त खड्कालाई सम्मान गरिएको थियो । यसैगरी, डेरी विज्ञका रुपमा प्राध्यापक डाक्टर भेषराज भण्डारी, दुग्ध उद्योगमा मेचीनगरको एनएमसी डेरी उद्योग, काभ्रेको गल्फु विनायक डेरी उद्योग, पशुपालनतर्फ तेह्रथुम छथरको सिंहदेवी पशुपालन सहकारी संस्था लि., उत्कृष्ट किसानका रुपमा झापाका राजकुमार तामाङ, मोरङका विज्ञान बस्नेत, सहकारी संस्थातर्फ पिठुवा दुग्ध सहकारी संस्था रत्ननगर चितवन, कामधेनु दुग्ध विकास सहकारी संस्था सुनसरीलाई सम्मान गरिएको थियो ।

हरेक वर्ष जुन १ मा विश्व दूध दिवस मनाउने गरिन्छ । यो दिवस सन् २००१ बाट मनाउन शुरु गरिएको भएपनि नेपालमा भने सन् २०११ बाट मनाउन शुरु गरिएको हो । विश्व खाद्य संगठनले संसारभर दूधको प्रवर्द्धन गर्ने र दूधको महत्व बुझाउने लक्ष्यसहित दिवस मनाउन शुरु गरेको हो । काठमाण्डौं बाहिर पहिलो पटक नेपाल बहुउद्देश्यीय सहकारी संस्था एनएमसीअन्तर्गत सञ्चालित एनएमसी एग्रो फार्ममा यो दिवस मनाईएको हो ।

# भद्रपुरमा उभौली पर्व



भद्रपुर(प्रस) । किरात धर्मावलम्बीहरुको महान चाड उभौली पर्व (लाक्छाम) धुमधामका साथ झापाको भद्रपुरमा मनाइएको छ ।

किरात राई यायोक्खा भद्रपुर ५-१० संयुक्त प्रारम्भिक समितिको आयोजनामा भद्रपुर-९ स्थित भूमेथानमा विविध कार्यक्रमका साथ उभौली पर्व मनाइएको हो । प्रारम्भिक समितिका अध्यक्ष रंगवीर राईको अध्यक्षतामा भएको कार्यक्रममा किरात राई यायोक्खा झापा अध्यक्ष गणेश राईको प्रमुख आतिथ्य रहेको थियो ।

प्रारम्भिक समिति उपाध्यक्ष बुद्धिमान राईले अतिथिलाई स्वागत गर्दै उभौली र उधौली किरात धर्मावलम्बीहरुको दुई ठूलो चाड भएको बताए । सोही कार्यक्रमका बीच धार्मिकस्थल परिसरमा निर्माण भएका भौतिक संरचनाहरुको उद्घाटन गरिएको थियो ।

भूमेथान परिसरमा नवनिर्मित माङ्हिम (मन्दिर), मूलद्वार, ट्रष्टसहितको कार्यक्रम स्थल र शौचालयको प्रमुख अथिति राईले उद्घाटन गरे । मन्दिर र ट्रष्टसहितको कार्यक्रम स्थल प्रारम्भिक समिति अध्यक्ष रंगवीर राईले आफन्तजनको स्मृतिमा र मूलद्वार सामाजिक व्यक्तित्व सेतुमान राईले निर्माण गरिदिएका हुन् । निर्माण समितिका सल्लाहकार नीरबहादुर राईले संरचना निर्माण समितिको प्रतिवेदन प्रस्तुत गर्दै आम्दानी र खर्चका बारेमा जानकारी दिएका थिए ।

उनले एक करोड २७ लाख रुपैयाँको बहुउपयोगी भवन निर्माण गर्ने लक्ष्यका साथ काम शुरु भइसकेको बताए । किरात येले सम्वत् ५०८४ समेतको शुभकामना आदान-प्रदान गरिएको कार्यक्रममा प्रमुख अतिथि गणेश राई, विशिष्ट अतिथि प्रा.डा.पृथ्वीबिक्रम राई, समाजसेवी दिव्य भूर्तेल, जिल्ला समितिका सल्लाहकार समर राई, किराया भद्रपुर-चन्द्रगढीका पूर्वअध्यक्ष डुक्पा राई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा हल्दिवारी, पृथ्वीनगर, चन्द्रगढी, अर्जुनधारा, मेचीनगरलगायतका स्थानबाट आएका १० वटा भन्दा बढी साकेला टोलीले साकेला सिली प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन प्रारम्भिक समिति सचिव टिका साम्पाङ राईले गरेका थिए ।

# तालिम शिक्षालयमा बृक्षरोपण

दमक(प्रस) । लायन्स क्लव अफ झापा दमकले वातवरण दिवसको सन्दर्भ पारेर सशस्त्र प्रहरी बल नेपाल पाथिभरा जवान तालिम शिक्षालयमा बृक्षरोपण गरेको छ । कमल गाउँपालिका लखनपुर स्थित तालिम शिक्षालयमा बिभिन्न प्रजातिका ५० वटा आकर्षक फूलका बिरुवाहरु रोपिएको हो ।

क्लबका संस्थापक अध्यक्ष अशोक चौधरीको सहयोगमा गमलासहितका बिरुवाहरु शिक्षालयका प्रमुख समादेशक कमल तिउसिनाको उपस्थितिमा आइतवार रोपिएको हो । सो अवसरमा समादेशक तिउसिनाले बिग्रदो वातावरणलाई सुधार गर्न बृक्षरोपणलगायतका यस किसिमका कार्यक्रमहरु सहयोगी बन्ने बताए । उनले नियमित रुपमा सहकार्य गरेर आफूहरु काम गर्न तयार रहेको बताए ।

क्लबले वातावरण दिवसको सन्दर्भमा बिभिन्न कार्यक्रमहरु गर्ने क्रममा शिक्षालयलाई गमलासहित बिरुवाहरु उपलब्ध गराएर कार्यक्रम शुरु गरिएको क्लबका प्रथम उपाध्यक्ष बिष्णुप्रसाद पोखरेलले बताए ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नं. ३८ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक नबिनकुमार खड्का, लायन्स लिडर अजय अग्रवाल, लायन्स क्लब अफ झापा दमकका अध्यक्ष लोकेश सापकोटा, नेपाल रेडक्रस सोसाइटी दमकका रक्तसञ्चार प्रमुख सिद्धार्थ दाहाललगायतको उपस्थिति रहेको थियो ।

# पत्रकार महासंघको शुद्धीकरण विवादले रोकिने भयो निर्वाचन

झापा(प्रस) । नेपाल पत्रकार महासंघले सदस्यता शुद्धीकरण गर्दा बद्नियतपूर्ण निर्णय गरेपछि उत्पन्न विवाद मिलाउन नसक्दा आसन्न निर्वाचन अनिश्चित भएको छ ।

जिल्ला शाखाले पठाएको नाममा प्रदेश समिति र केन्द्रले बद्नियत राखेर सदस्यता कायम गरेपछि उत्पन्न विवाद मिलाउन नसक्दा जेठ २६ गते हुने भनिएको निर्वाचन अनिश्चित भएको हो ।

तोकिएकै समयमा निर्वाचन हुन्छ भन्ने आधार नदेखिएपछि महासंघमा आबद्ध विभिन्न संगठनले चुनावी गतिविधि समेत गर्न हिच्किचाइरहेका छन् ।

केन्द्रले तय गरेको मापदण्ड अनुसार स्थलगत अध्ययनपश्चात् छानविन गरी देशैभरिका शाखाले पठाएका नाम बिचबाटै कटाएर सकृय पत्रकारको नाम हटाउने र निष्कृय पत्रकारको नाम समेट्ने काम महासंघ नेतृत्वले गरेपछि देशभरिका अधिकांश शाखाबाट विवाद आउँदा मिलाउन नसकेर नेतृत्व मोवाइल स्वीचअफ गरेर बसेको छ ।

सवैभन्दा बढी कोशी प्रदेशमा देखिएको सदस्यता विवाद मिलाउन महासंघ अध्यक्ष तथा महासचिव असफल भएपछि तोकिएको समयमा निर्वाचन नहुने प्रष्ट देखिएको छ ।

साविकका मेची, कोशी र सगरमाथा अञ्चलभित्र रहेका झापा, इलाम, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर लगायत जिल्लाबाट सिफारिस भएर आएका नाम अनुमोदन नगरी निष्कृय पत्रकारको नाम थप्ने तथा सकृय पत्रकारिता गरिरहेकाहरूको नाम हटाउने काम प्रदेश समिति र केन्द्रले गरेपछि सदस्यता विवाद उत्कर्षमा पुगेको हो ।

नेपाल पत्रकार महासंघ झापा शाखाले ६४ जना पत्रकार झापामा निष्कृय रहेको प्रमाणसहित छानविन प्रतिवेदन पठाएको थियो । कोशी प्रदेश समितिले झापा शाखाको सिफारिसविपरित सकृय पत्रकारिता गरिरहेका १५ जना पत्रकारको नाम कटाएर पत्रकारिता छोडेर होटल व्यवसायमा संलग्न, व्यापार व्यवसाय गरिरहेका, नगरपालिका, गाउँपालिकामा कार्यालय सहयोगी लगायत काममा लागेका,



ठेक्कापट्टा गर्ने, सहकारीका व्यवस्थापक, वजार प्रतिनिधि, निजी विद्यालयका सञ्चालक, दुनोट, पाउरोटीको उत्पादक, विभिन्न विमा कम्पनीका कर्मचारी, राष्ट्रिय अनुसन्धान लगायत सुरक्षा निकायका जासुसी गर्ने जस्ता पेशाका व्यक्तिलाई समेत सदस्यता कायम गरेपछि महासंघको शुद्धीकरण अभियान हचुवाका भरमा गरिएको प्रष्ट भएको छ ।

यस्तै नयाँ सदस्यता प्रदान गर्दा समेत महासंघले जिल्लाको सिफारिसविपरित निर्णय गरेर गैरपत्रकारलाई सदस्यता प्रदान गरेको पाइएको छ । झापा शाखाले प्रकृया पुगेका ३६ जना नयाँ सदस्यलाई सिफारिस गरेको भए पनि महासंघले प्रकृयामै नआएका दुई जना सदस्य थपेर नयाँ सदस्यता प्रदान गरेको पाइएको हो । झापा शाखामा आवेदन नै नदिएका ती व्यक्तिलाई कोशी प्रदेश समितिले बिच बाटोबाट प्रवेश गराई सदस्यता प्रदान गरेको हो । यी दुवै सदस्य झापामा कुन निकायमा पत्रकारिता गर्छन् भन्ने खुल्न सकेको छैन ।

विपुल पोखरेलले नेतृत्व लिएपछि नेपाल पत्रकार महासंघको सदस्यता वितरणमा रहेको भद्रगोल अवस्था अन्त्य गर्दै व्यवसायिक पत्रकारको संगठन बनाउने उद्घोष गरेका थिए तर राजनीतिक चालबाजीबाट यस पटक पनि महासंघको सही गति र उद्देश्यले सदस्यता शुद्धीकरण हुन सकेन ।

प्रेस युनियन र प्रेस संगठनको संयुक्त नेतृत्व रहेको महासंघमा बाहिर रहेको प्रेस चौतारीले घुमाउन सफल भएको सदस्यता छनौटको परिणामले देखाएको छ । अध्यक्ष युनियन तथा महासचिव संगठनको रहेको वर्तमान समितिमा सदस्यता छनौट गर्न महासचिवलाई पूर्ण जिम्मेवारी दिएपछि महासचिवको टोलीलाई चौतारीले घुमाएर युनियनलाई नै क्षति हुने गरी सदस्यता छनौट गर्दा युनियन बल्ल झस्केको अवस्था छ । यो पार्टी पत्रकारिताको परिणाम हो । निष्पक्ष पत्रकारिताको अवधारणामा महासंघ नेतृत्व हिडिरहेको भए गैरपत्रकार संरक्षित हुने अनि वास्तविक पत्रकारिता गरिरहेका महासंघभन्दा बाहिर रहनु पर्ने स्थिति आउने थिएन ।

महासंघ नेतृत्वले हरेक जिल्लाबाट आएको नामलाई अनुमोदन गरेर बिचबाट या अन्यत्रबाट आउने नाम अस्वीकार गरेको भए यति धेरै भद्रगोल अवस्था हुने थिएन । विना आधार नाम काट्ने वा नाम थप्ने काम प्रदेश समिति र केन्द्रीय नेतृत्वबाटै भएका कारण महासंघको सदस्यता विवाद मिल्न नसक्ने अवस्थामा पुगेको प्रष्ट छ ।

## सहकारी...

सहकारी डुबाउन भूमिका खेलेको प्रतिबेदनमा औंल्याइएको छ । पाण्डेले आफू निकटका व्यक्तिलाई बिनाधितो ऋण दिएको अनुसन्धान प्रतिवेदनमा औंल्याएको छ ।

गण्डकी प्रदेश सहकारी रजिस्टारको कार्यालयका वित्तीय विश्लेषक निर्मल गौतमले हिसाब हेर्दा देखिएको अनियमितताको आधारमा प्रहरीले अनुसन्धान गरेको हो । प्रहरीले करिब ३ महिना लगाएर अनुसन्धान गर्दा समेत गौतमलाई राखेर अनुसन्धान गरेको जनाएको छ । हरेक वर्ष सहकारीको आर्थिक गतिविधि र हिसाबको लेखापरीक्षण गर्ने लेखापरीक्षक हिमानसिंह केसी एण्ड एसोसिएटलाई समेत विपक्षी बनाइएको छ ।

यो छिपछिपे उपभोक्ता संस्थाको मासिक नियमनकारी निकाय गण्डकी प्रदेश रजिस्टारको कार्यालयलाई भने विपक्षी बनाइएको छैन । छिपछिपे सहकारीको नियमनकारी निकाय प्रदेश सहकारी रजिस्टारको कार्यालय हो । यसले नियमन गरिरहेको हुन्थ्यो भने यति धेरै रकम हिनामिना हुन पाउँदैनथ्यो भन्ने बचतकर्ताको भनाई छ । यो सहकारीको नियमनकारी निकाय गण्डकी प्रदेश सहकारी रजिस्टारको कार्यालय हो । ‘उसले हिसाब हेरेको भए यति धेरै अनियमितता हुदैन्थ्यो भन्ने तर्क सहि छ’, जिल्ला महान्यायाधिवक्ता घिमिरेले भने,‘जिम्मेवारी बहन नगर्ने सरकारी निकायलाई विपक्षी बनाउने ऐन नेपालमा छैन । त्यसैले लेखापरीक्षकलाई विपक्षी बनाएको छु ।’

पूर्वी नवलपरासीको कावासोतीमा कार्यालय रहेको यो सहकारीमा २३ सय ९४ जना शेयर सदस्य र बचतकर्ता रहेका छन् । यो संस्थामा रकम जम्मा गर्नेहरु ज्यालादारी मजदुर , कृषक र साना व्यवसायी हुन् ।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔ ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# झ्याप्पझ्याप्प बिजुली किन काटिन्छ ?

**सरकारले लोडसेडिङ अन्त्य भइसकेको बताइरहेको छ। तर, दिनमा २–४ घण्टा बिजुली नगएको दिनै हुँदैन । अघोषित लोडसेडिङले उपभोक्ता समस्यामा छन् ।**

**नेपालमा हिउँद याममा धेरै बिजुली चाहिन्छ तर उत्पादन कम हुन्छ। खोलानाला हिउँदमा सुक्छन् र जलविद्युत् उत्पादन कम हुन्छ। भारतमा भने ठीक उल्टो छ– बर्खाको बेला धेरै बिजुली चाहिन्छ, हिउँदमा कम भए पनि हुन्छ। नेपालमा बर्खाको बेला उत्पादन धेरै भएर खेर जाने अवस्था आउन थालिसकेको छ। नेपालमा धेरै हुँदा भारतलाई आवश्यक पर्ने र भारतलाई धेरै हुँदा नेपाललाई आवश्यक हुने बिजुली खरिदबिक्री गर्ने सम्झौताले दुवै देशको हित गरेको छ। अझ नेपाल त जलस्रोतमा धनी भएको हुँदा भारतलाई बीजुली बेच्ने र उताबाट आयातभन्दा धेरै निर्यात गर्ने लक्ष्यमा हिँडिरहेको छ। केही वर्षयता नेपालले प्रशस्तमात्रामा भारतलाई बिजुली दिएको छ।**

**नेपाल विद्युत् प्राधिकरणले १४ जेठ रातिबाट भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री सुरु गरेको छ। दैनिक ४ सय मेगावाट बिजुली अहिले प्राधिकरणले भारतलाई बेचिरहेको छ। तर, ठीक यही बेला नेपालकै उद्योगधन्दामा भने विद्युत् आपूर्ति नियमित छैन। प्राधिकरणले लोडसेडिङ घोषणा गरेर बिजुली आउने र जाने तालिका सार्वजनिक गरेको छैन। तर, बिजुली भने गइरहन्छ। काटिरहन्छ। खासगरी वीरगन्ज, विराटनगर र भैरहवा औद्योगिक करिडोरमा अघोषित लोडसेडिङ जारी छ। उद्यमी व्यवसायी यसै भन्छन्।**

**अहिले नेपालको कुल आन्तरिक जडित क्षमता करिब २९ सय मेगावाट हो। यो वर्षको विद्युत् उत्पादन करिब ३५ सय मेगावाट पुग्ने बताइएको छ। अहिले दैनिक उच्च माग २ हजार मेगावाट पुगेको छ। यसो भन्दाभन्दै पनि उद्योगधन्दामै लोडसेडिङ हुनुचाहिँ बिडम्बना हो। प्राधिकरणले उत्पादित बिजुली भारत बेच्न सकेको छ भने आफ्नै देशका उद्योगमा चाहिँ किन दिन सकेको छैन ? पक्कै पनि आवश्यक पूर्वाधार भरपर्दो बनाउन प्राधिकरणले कमजोरी गरेको छ। प्रसारण लाइन र उच्च क्षमताका ट्रान्सफर्मरहरू आवश्यक ठाउँमा प्राधिकरणले व्यवस्था गर्न सकेको छैन। आवश्यक मात्रामा सबस्टेसन निर्माण गर्न सकेको छैन। यी लगायत कारणबाटै देशका उद्योगधन्दामा मात्रै नभई विभिन्न ठाउँमा हरेक दिन कुनै न कुनै बेला झ्याप्पझ्याप्प बिजुली काटिन्छ।**

**बिजुली निर्यात भयो भनेर सुन्दा सुखद सुनिए पनि भारतलाई बिजुली बेचेर नेपालले कमाएको भन्ने अवस्था होइन। प्राधिकरणले गत वर्षको जेठदेखि हालसम्म १५ अर्ब ६२ करोड रुपैयाँको विद्युत् निर्यात गर्दा २०८०/८१ को साउनदेखि हालसम्म १३ अर्ब ४७ करोड रुपैयाँको मात्र विद्युत् भारतमा बेचेको छ। खासमा प्राधिकरणको जोड स्वदेशमा आवश्यक बिजुली स्वदेशमै खपत गर्नपट्टि पहिलो प्राथमिकता दिनुपर्छ। बिजुली खपत बढाउनु भनेको प्राधिकरणका लागि मात्रै होइन, समग्र अर्थतन्त्रकै लागि ठूलो ऊर्जा र इन्धन हो। त्यसले देशको आर्थिक समृद्धिमा ठूलो टेवा पुग्छ। नागरिकको जीवनमा पनि सुविधा पुग्छ। तसर्थ उद्यमीहरूले भने झैं हतारमा निर्यातमा लाग्नुभन्दा स्वदेशकै माग पूरा गर्ने, अघोषित लोडसेडिङ अन्त्य गर्नपट्टि लाग्नुपर्छ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्राकृतिक सन्तुलनको पर्याय



• रामचन्द्र अधिकारी

एक जना मित्रले सोध्नुभयो, "कछुवा किन चाहियो, कछुवा सबै मासिए पनि हामीलाई के फरक पर्छ ?" यो एउटा प्रतिनिधि प्रश्न हो । अरू जीवका विषयमा पनि यस्तो प्रश्न आउँछ । एक पटक मलाई जागिरका लागि लिइएको मौखिक परीक्षामा प्रश्न गरियो, "झिँगालाई नास गरिदिए के होला ?" त्यस्तै पदमै बसेका एक व्यक्तिले भन्नुभयो, "मच्छडले तराईमा साह्रै दुःख दियो, यसलाई सखाप पार्ने कुनै तरिका छ ?" यी सबै प्रश्नलाई मैले एउटै उत्तर दिएँ, "कुनै जीवको अस्तित्व नामेट पारेमा प्रकृतिको सन्तुलन बिग्रिन्छ, जसको सबैभन्दा बढी प्रभाव मानिसमा पर्छ ।"

अरू जीवको उसै सन्दर्भमा कुरा होला । यस लेखमा कछुवाका विषयमा चर्चा गरिँदै छ । यो पृथ्वीमा जति पनि जीवजन्तु छन् ती सबै महत्वपूर्ण छन् । किनकि ती सबैले आफ्नो जीवन जिउने क्रममा आआफ्नो ठाउँमा रहेर प्रकृतिलाई सन्तुलित राख्नका लागि भूमिका खेलेका हुन्छन् । झिँगा, साङ्ला, लामखुट्टे, सर्प या कछुवा सबैले । कुनै जीव संख्यामा अधिक हुन्छन्, तिनको संख्या नियन्त्रण गरियो भने खास असर प्रकृतिमा नपर्ला तर जुन थोरै संख्यामा छन् भने उनीहरूको भूमिका झन् धेरै र ठुलो हुन्छ । त्यसमा पनि नासिने क्रममा छन् भने त सर्वश्रेष्ठ जीव मानिसले त्यसको संरक्षणमा चासो दिनु पर्छ । मानिस नै प्रकृति र प्राकृतिक स्रोतको सबैभन्दा ठुलो उपभोक्ता हो । कछुवा थोरै छन् । त्यस कारण यिनको भूमिका धेरै महत्वपूर्ण छ ।

पूर्वी माडागास्करको मास्कारिन टापुबाट धेरै वर्षअघि एलदाब्रा जातको कछुवा लोप भएर गयो । त्यसको तुरुन्तै अर्को वर्षदेखि असर देखिन थाल्यो कि जलीय वनस्पति र प्राणीको संख्या र जीवन पद्धतिमा नराम्रो असर पर्‍यो । पारिस्थितिक प्रणाली (इकोसिस्टम) असन्तुलन भयो । माटोमा बस्ने धेरै सूक्ष्म मित्रजीव मासिए । परिणामस्वरूप वनस्पतिले उत्पादन पर्याप्त दिन सकेनन् । अनि ती वनस्पतिमा आश्रित प्राणी भोकभोकै पर्न थाले । ती प्राणी विचलित भएपछि अनुसन्धानले थाहा लाग्यो, कछुवा मासिएका कारण यस्तो भयो ।

दक्षिण अमेरिका र मेक्सिकोतिर पाइने अर्को एजासिज डेजर्ट टटल भनिने कछुवालाई क्याल्सियम तत्वको खानी मानिन्थ्यो । यसको संख्यामा कुनै समयमा धेरै घट्यो । फलस्वरूप त्यहाँको प्राकृतिक प्रणालीमा क्याल्सियमको कमी भयो । इकोसिस्टम क्षतविक्षत भयो । ठुला जातका कछुवा समुद्रमा पाइन्छन् । समुद्र पिँधमा, किनारमा यिनीहरूका क्रियाकलापले गर्दा माटोको उर्वरा शक्ति बढ्ने र सामुद्रिक घाँस राम्ररी फस्टाउने गर्छ । घाँस फस्टाएपछि घाँसमा आश्रित जनावरको संख्या र गुणस्तरमा वृद्धि हुन जान्छ । धेरै सामुद्रिक इकोसिस्टममा कछुवाको संख्या कमी भएर वा लोप भएर घाँस नउम्रिने, नहुर्किने समस्या आएर प्राकृतिक असन्तुलन भएका प्रमाण छन् । यी अनुसन्धान भएका र बाहिर आएका उदाहरण मात्र हुन् । यस्ता उदाहरण यो धरामा सयौँ हुन सक्छन् । यद्यपि अन्वेषण भएर बाहिर आउन सकेका छैनन् । हाम्रै नेपालबाट कति कछुवा लोप भई गए होला, हिसाबकिताब छैन । यसको परिणाम के भोगिरहेका छौँ, यसको पनि जानकारी छैन ।

कछुवा जहाँ बस्छ, यसको गतिविधिले त्यहाँको माटोमा खनिज तत्व चक्र राम्रोसँग गराउँछ । जति खनिज तत्वको चक्रण सजीव र निर्जीव वातावरणको बिचमा भयो, त्यहाँ जैविक विविधता मौलाउँछ र इकोसिस्टम बलियो हुन्छ । कछुवा अरू जीवभन्दा किन महत्वपूर्ण छ भने खाद्य चक्रमा यसको स्थान तीनै तहका उपभोक्ता (प्राथमिक, द्वितीय र तृतीय) मा सुनिश्चित छ । मानिसको जस्तै । अरू साना जन्तुहरूलाई खाएर, अनावश्यक जनसंख्यालाई नियन्त्रण गरेर प्रकृतिलाई योगदान दिइरहेको हुन्छ । लियोपार्ड टटल भनिने एक कछुवाको दिसा अनुसन्धान गर्दा उसको बासस्थानमा पाइने ७५ प्रतिशत वनस्पति यसले खाएको पाइयो । त्यसमा पनि मिचाहा प्रजातिका वनस्पति थिए । यसबाट के स्पष्ट हुन्छ भने कछुवाले अन्यत्र स्थानबाट फैलँदै स्थानीयलाई असर पुर्‍याउँदै आएका वनस्पतिलाई नियन्त्रण गर्ने काम गरेको रहेछ ।

अहिलेको वैज्ञानिक जगत्, प्रकृति रक्षार्थ स्थापित संस्थाले प्रकृतिको पुनर्स्थापनामा जोड दिइरहेका छन् । प्रकृतिसँग जोडिएका दिवसहरूको नारा पछिल्ला वर्षमा यस्तैमा केन्द्रित देखिन्छ । यसबाट बुझिन्छ कि हाम्रो प्रकृतिको प्राकृतिक स्वरूप निकै बिग्रिएको छ र यसलाई ओरिजिनल (पुरानै) अवस्थामा ल्याउनु पर्ने आवश्यकता छ । हो, मानिस त केही वर्षदेखि चाल पाएर अभियानमा जुट्यो तर कछुवाले उत्पत्तिकालदेखि नै यही प्रयास गरिरहेको छ । प्रकृतिलाई खास रूपमै राखिराख्न सधैँ लागिपरेको छ । यसले माटोमा हुने जैविक तथा अजैविक संसार, पानीको गुणस्तर, वनस्पतिको वृद्धि तथा अनावश्यक जीवलाई नियन्त्रणको काम निरन्तर गरिरहेको छ । प्रकृतिको पुनर्स्थापनामा कछुवाको भूमिकाले छिटो काम गर्छ भन्ने कुरा वैज्ञानिकले पत्ता लगाएपछि थप स्थानमा अनुसन्धान हुँदै आए । हन्टर र गिब्स नामका अनुसन्धाताद्वारा एक विज्ञान पत्रिकामा छापिएको लेख अनुसार इक्वेडरको ग्यालापागोस टापुमा यस्तो पाइयो कि त्यहाँको बिग्रिसकेको इकोसिस्टम, वनजङ्गल कछुवाको भूमिकाकाबाट पुनर्स्थापित भयो ।

यस पृथ्वीमा भएका जनावरमध्ये सबैभन्दा धेरै जीवपिण्ड (बायोमास) हुनेमध्येको एक हो कछुवा । यो मरेर माटोमा मिल्दा पनि धेरै खनिज तत्वहरू प्रकृतिमा फर्कन्छन् । यसले प्रकृतिलाई दिने अर्को ठुलो योगदान भनेको अण्डा हो । एक पोथी कछुवाले एक पटकमा करिब एक सय वटासम्म अण्डा पार्छ । ती सबैबाट बच्चा कोरल्न सक्दैन । ती अण्डा खाएर धेरै जनावरले पौष्टिकताको पूर्ति गरिरहेका हुन्छन् । अण्डा कुहिए भने पनि माटोमा ठुलो मात्रामा क्याल्सियमलगायतका पौष्टिक तत्व जान्छन्, जसले वनस्पतिको वृद्धिविकासमा सहयोग गर्छ ।

नेपालका धेरै जसो सिमसार क्षेत्र, जङ्गली क्षेत्रमा कछुवाको बासस्थान छ । खेती गरिने जमिनमा पनि पाइन्छ । यी सबै स्थानमा माथि उल्लेख गरिए झैँ तरिकाबाट इकोसिस्टमलाई नियमितता दिइरहेको हुन्छ । नेपालमा हाल रोडिनलगायतका अनुसन्धानकर्ताले तीन परिवारका ११ जातिका १८ प्रजाति कछुवा छन् भनेर उल्लेख गरेका छन् । यसअघि सन् २०१३ मा डा. कालुराम राई तथा जर्मनीका प्रिसिद्ध हर्पेटोलोजिस्ट यास्ले र हर्मन स्लाइखले २० प्रजातिका कछुवा पाइने एक पुस्तकमा लेखेका छन् । जसमा अधिकांश सङ्कटापन्न, अति सङ्कटापन्न र केही चाहिँ वर्षौंदेखि नदेखिएका तर लोप भएको घोषणा हुन बाँकी अन्तर्गत पर्छन् । डा.राईलगायतले लेखेको 'फिल्ड गाइड टु एम्फिबियन एन्ड रेप्टायल्स अफ नेपाल' पुस्तक अनुसार रङ्गीन छाने कछुवाका तीन प्रजाति, काली कण्ठेको एक, थोप्लेको एक, बाहुने खोलेका दुई, कालो पानी कछुवाको एक, बलद्याङ्गे कछुवाको एक प्रजाति नेपालमा पाइन्छन् । त्यस्तै यहाँ पहेँलो भुँडे धुरी कछुवाको एक, पहेँलो खुट्टे छाने कछुवाको एक, खैरे धुरीको एक, भारतीय धुरीको एक, गुलाबी कण्ठेको एक, सुन कछुवा एक, नरम खबटेका तीन, ढकनी खबटेको एक र मुजुरपङ्खी कछुवाको एक प्रजाति बसोबास गर्छन् ।

विश्वमा करिब ३६० प्रजातिका कछुवा पाइन्छन् । यसको ६१ प्रतिशतको अवस्था त्रसित तथा चुनौतीपूर्ण छ । उनीहरू सङ्कटग्रस्त छन् । पृथ्वीबाट लोप भएर गएको भीमकाय जीव डाइनोसरसँगै आजभन्दा करिब दुई करोड ६० लाख वर्षअघि कछुवा अस्तित्वमा आएको हो । स्मरणीय छ कि वर्तमानमा पनि सबैभन्दा लामो आयु भएको जनावर यो नै हो (औसतमा १५० वर्षमाथि) । यसको अर्थ यो जन्तु पृथ्वीमा भएका अनेक प्रतिकूलतामा अनुकूलता खोज्दै र अनुकूलित हुँदै आएको छ । चाल्स डार्बिनको सक्षम नै बाँच्ने वा प्रकृतिको छनोट भन्ने सिद्धान्त अनुसार व्याख्या गर्न सकिने प्रकृतिको छनोटमा परेको कछुवा आज किन सङ्कटको घडीमा आइपुग्यो ? यो विचारणीय, सोचनीय विषय छ । साँच्चै पृथ्वीको वातावरण असाध्यै ग्रसित, असन्तुलित र विषम अवस्थामा आएको हो ? निकै विषमतामा समेत अस्तित्व जोगाउँदै आएको यो वातावरणको सूचक जन्तुले के पृथ्वीको इकोसिस्टम सङ्कटग्रस्त भयो भन्ने सङ्केत दिइरहेको हो कि !

यस कारण कछुवाको बासस्थानको उपयुक्तता, आहारविहार, प्रजनन, आजको अवस्था आदि विषयमा ढिलो नगरी अनुसन्धान गर्न गराउन आवश्यक छ । तुरुन्तै यसलाई संरक्षण गर्ने अभियानहरू चलाउनु पर्छ । त्यसका लागि ठुलो धनराशि चाहिँदैन, खाली सोच र लगनशिलता पहिले चाहिन्छ । स्थानीय मानिसलाई यसबारे चेतना जगाएर संरक्षणमा प्रेरित गरेमा केही उपलब्धि तत्कालै हात लाग्न सक्छ, दीर्घकालीन योजनाहरू पनि कार्यान्वयन गर्दै जानु पर्छ ।

# खेल कूटनीतिको महत्व



• राजनविक्रम प्रजापति



नेपाली खेलकुद क्षेत्रमा केही समययता खेल कूटनीति (स्पोर्टस डिप्लोमेसी) को चर्चा खुब हुन थालेको पाइन्छ । नेपाल ओलम्पिक कमिटीको कार्यक्रममा होस् वा मैत्रीपूर्ण क्रिकेट खेल्न आएका वेस्ट इन्डिजका खेलाडीको स्वागत कार्यक्रममा साथै अन्य कार्यक्रममा समेत खेलकुद मन्त्रीलगायतले खेल कूटनीतिको विषय उठाइरहेका छन् ।

नेपालमा मात्र नभई विश्वमा नै खेलकुदले मानिसलाई एकजुट बनाउन विशेष भूमिका खेल्दै आएको छ । राष्ट्रको इज्जत प्रतिष्ठा र गौरवसँग खेलकुद जोडिएको हुन्छ । वर्तमान समयमा खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनका रूपमा मात्र नभई राष्ट्रिय एकता प्रवर्धन गर्ने र मानिसलाई एकताबद्ध गराउने माध्यमको रूपमा समेत लिने गरिन्छ । समाजमा व्याप्त विभिन्न किसिमका सामाजिक भेदभाव चिर्न पनि खेलकुदले अहम् भूमिका निभाइरहेको हुन्छ । जब मानिस आफ्नो टोलीलाई समर्थन गर्न खेल मैदानमा पुग्छन्, सबै किसिमका भेदभाव बिर्सिएर एकसाथ आफ्नो टोलीलाई जित दिलाउने साझा लक्ष्यमा केन्द्रित हुन पुग्छन् । यसले राष्ट्रिय गौरव, पहिचान र ऐक्यबद्धताको भावना बढाउने कार्य गरिरहेको हुन्छ ।
राष्ट्रहरूबिच एकता र प्रतिस्पर्धाको प्रमुख माध्यम बन्दै आएको खेलकुदमा देशको सीमाना, संस्कृति र विचारधाराभन्दा माथिको शक्ति रहेको हुन्छ, जसले गर्दा मानिसलाई प्रतिस्पर्धा र सौहार्दताको भावनामा एकीकृत बनाउने गर्छ ।

त्यसैले जब अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन हुन्छ, सारा जनता आपसी मनमुटाव बिर्सेर एक हुन्छन् र आफ्नो देशको खेलाडीलाई समर्थन गर्न पुग्छन् । खेलकुदको प्राथमिक उद्देश्य मनोरञ्जन, कौशल प्रदर्शन गर्नु र स्वस्थ बनाउनु रहे पनि यसले अन्तर्राष्ट्रिय कूटनीतिमा पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

**खेलकुद कूटनीति**

खेलकुद कूटनीति भनेको देशहरूबिचको सकारात्मक सम्बन्धलाई बढावा दिन, शान्ति प्रवर्धन गर्न र एक अर्काको संस्कृति आदानप्रदान गर्न खेलकुदको प्रयोग गर्नु हो । देश विदेशका मानिसलाई सँगै ल्याउने मात्र नभई एकता र सद् भावको भावना सिर्जना गर्ने माध्यम पनि हो खेलकुद कूटनीति ।

अमेरिका र चीनबिच भएको सन् १९७० को 'पिङ-पोङ कूटनीति' विश्व जगत्मा हालसम्म पनि चर्चित खेल कूटनीतिको रूपमा रहँदै आएको छ । टेबलटेनिस खेलाडीको आदानप्रदानले सो समयमा दुई देशबिच रहेको चिसो सम्बन्धलाई पगाल्न मद्दत पुऱ्याएको थियो । सोही सिलसिलामा सन् १९७२ मा राष्ट्रपति रिचर्ड निक्सनको ऐतिहासिक चीन भ्रमण भएको र दुई महाशक्तिबिच कूटनीतिक छलफलका लागि ढोका खुलेको थियो । पिङ पोङ कूटनीतिले विश्व स्तरमा शान्ति र कूटनीति प्रवर्धन गर्ने सम्बन्धमा खेलकुदको महत्व प्रस्ट्याएको पाइन्छ ।

दक्षिण एसियाको सबैभन्दा लोकप्रिय खेल क्रिकेटलाई पनि विगत लामो समयदेखि नै भारत र पाकिस्तान जस्ता तिक्ततापूर्ण सम्बन्ध भएका मुलुकले कूटनीतिक सम्बन्ध सुधार्ने साधनको रूपमा प्रयोग गर्दै आएको छ । पाकिस्तानका तत्कालीन राष्ट्रपति जिया-उल-हकले सन् १९८७ मा जयपुरमा भएको भारत-पाकिस्तानबिच टेस्टको अवलोकन गर्ने सिलसिलामा भारतका प्रधानमन्त्री राजीव गान्धीलाई पनि भेटेका थिए, जसले गर्दा दुई देशका सरकारहरूको सम्बन्ध सुधारमा ठुलो मद्दत पुगेको थियो ।

यसका साथै सन् २००८ को मुम्बईमा भएको आतङ्ककारी हमलापछि बिग्रिएको भारत-पाक सम्बन्धलाई भारतले आयोजना गरेको २०११ विश्वकप क्रिकेटको सेमिफाइनलले सहज बनाएको मानिन्छ । भारत-पाकिस्तानबिच भएको उक्त सेमिफाइनल खेल भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह र पाकिस्तानका प्रधानमन्त्री युसुफ रजा गिलानीले सँगै बसी प्रत्यक्ष हेरेका थिए ।

खेलकुद कूटनीति भनेको खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्ध सुमधुर बनाउनु हो । विश्वभरका खेलाडी निष्पक्ष रूपमा खेल र खेलकुदको भावनामा प्रतिस्पर्धा गर्न आउने ओलम्पिक र विश्वकप फुटबल प्रतियोगितामा पनि खेलकुद कूटनीति देख्न सकिन्छ, जहाँ विभिन्न देशका खेलाडीले आफ्नो प्रतिभा र संस्कृति प्रदर्शन गर्ने गर्छन् ।

पछिल्लो समय खेलकुद कूटनीति राजनीतिक समस्या सम्बोधन गर्न र द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति प्रवर्धन गर्न प्रयोग हुन थालेयता यसको महत्व झन् बढेको पाइन्छ । उत्तर र दक्षिण कोरियाले सन् २०१८ मा दक्षिण कोरियाको प्योङ्याङमा भएको शीतकालीन ओलम्पिकमा एउटै झन्डामुनि सँगै मार्चपास गरेका थिए, जसले दुई देशबिचको सम्बन्धमा केही मात्रामा भए पनि सुधार गर्न सहयोग पुऱ्याएको थियो । खेलकुद राष्ट्रबिचको कूटनीतिक सेतु हो । कूटनीतिज्ञले प्रायः खेलकुद कार्यक्रमलाई शान्तिपूर्ण संवाद र सहयोगका लागि तटस्थ मैदानका रूपमा प्रयोग गर्ने गर्छन् । खेलकुद कूटनीति भनेको खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन, शान्ति प्रवर्धन गर्न र राष्ट्रहरूबिच सांस्कृतिक सम्बन्ध आदानप्रदान गर्ने माध्यमको रूपमा प्रयोग गर्नु हो । खेलाडी, खेलकर्मी र खेल सङ्गठनहरूले विश्वव्यापी मुद्दालाई सम्बोधन गर्न र अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको विषय उजागर नै छ ।

वर्तमान अवस्थामा विश्वकप फुटबल, ओलम्पिकलगायतका ठुला खेलकुद प्रतियोगिता आयोजना गर्नु पनि खेल कूटनीति अन्तर्गत लिइने गरिन्छ । यस्ता प्रतियोगिता आयोजना गरेर आयोजक राष्ट्रले विश्वजगत्मा आफ्नो आर्थिक, सांस्कृतिक र सामरिक शक्तिको प्रदर्शन गरिरहेको हुन्छ । यसका साथै समृद्ध राष्ट्रका उच्च ओहोदाका व्यक्तिको तुलनामा खेलाडीप्रतिको इज्जत, प्रतिष्ठा र सम्मान पनि माथि रहेको पाइन्छ । ती राष्ट्रका खेलाडीको हैसियत संसारका कुनै राजनीतिज्ञ भन्दा कम देखिँदैन । छिमेकी मुलुक भारतमै क्रिकेट खेलाडीप्रति गरिने सम्मान कुनै राजनेता भन्दा कम छैन भने युरोप र अफ्रिकी देशका फुटबल खेलाडीको लोकप्रियता अझ बढी रहेको पाउँछौँ ।

पछिल्लो समय नेपालकै सन्दर्भमा पनि क्रिकेट खेलाडीप्रति बढेको क्रेज लोभलाग्दो छ । अमेरिकामा आयोजना हुने टी-२० विश्वकपमा सहभागी हुनका लागि क्रिकेटर सन्दिप लामिछानेलाई अमेरिकी दूतावासले भिसा दिन अस्वीकार गरेपश्चात् उनको समर्थनमा समर्थकले सडक तथा सामाजिक सञ्जाल तताएको विषय चर्चामै छ । यस्ता विषय सम्बन्धित देशको आफ्नै नीति नियम र कार्यविधिमा भर पर्ने कुरा हो । दबाब दिएर होइन कूटनीतिक तवरबाटै यसको हल खोजिनु पर्छ । नेपालमा पनि केही मात्रामा भए पनि सफल क्रिकेटरले विश्व परिवेशमा रहेको खेलकुद र खेलाडीलाई दिँदै आएको महत्व र सम्मान बिस्तारै आत्मसात् गर्दै गइरहेको सुखद आभास दिलाउँछ ।

भूराजनीतिक दृष्टिकोणले संवेदनशील मुलुक नेपालले पनि खेलकुद कूटनीतिको माध्यमबाट छिमेकी मुलुकसँग सम्बन्ध सुधार गर्न मात्र नभई विश्वस्तरमा आफ्नो उपस्थिति बलियो बनाउन, शान्ति र एकताको प्रवर्धन गर्न र देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा बढाउन पनि सक्छ । तसर्थ नेपाल जस्ता आर्थिक सामाजिक रूपमा पछि परेको देशले खेलकुदमार्फत अन्य ठुला र विकसित देशसँग बलियो कूटनीतिक सम्बन्ध निर्माण गर्न खेलकुद कूटनीतिको अधिकभन्दा अधिक प्रयोग गर्नेतर्फ सबैले विशेष ध्यान दिन आवश्यक छ ।

## हुन्डीको एक करोड एक लाखसहित एकजना पक्राउ

झापा(प्रस) ।सशस्त्र प्रहरीले सुनसरीबाट हुन्डी कारोबारमा प्रयोग गरिएको एक करोड एक लाख रुपैयाँ बरामद गरेको छ । सशस्त्र प्रहरीका डीएसपी एवम् सहप्रवक्ता शैलेन्द्र थापाका अनुसार शनिबार राति हुन्डीको आशङ्कामा एक करोड एक लाख नगदसहित एक जनालाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा सुनसरी हरिनगर गाउँपालिका-५ का अन्दाजी ३७ वर्षीय ईसा अन्सारी रहेका छन् । सुनसरीको हरिनगर गाउँपालिका-५ दुर्गा मन्दिरस्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट बसन्तपुरको चेकप्वाईन्ट टोलीले घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा १६ च ७६१३ नम्बरको कारलाई शङ्का लागेर चेकजाँच गर्दा कारभित्र बोरामा लुकाइछिपाइ राखेको सो रकम बरामद भएको थियो ।

बरामद भएको रकममा एक हजार दरको नोट नौ हजार सात सय थान (९७ लाख) र पाँच सय दरको आठ सय थान (४ लाख) रहेको छ ।

रकमसँगै कार र चालक अन्सारीलाई नियन्त्रणमा लिइएको बताइएको छ । प्रारम्भिक सोधपुछमा अन्सारीले सो रकमको स्रोत खुलाउन नसकेको सहप्रवक्ता थापाको भनाई छ ।

## भारतमा गर्मीले ३२० जनाको मृत्यु



एजेन्सी । तापक्रम बढेसँगै गर्मी र तातो लहरले भारतमा ३ सय जनाभन्दा बढीको मृत्यु भएको छ। एजेन्सीका अनुसार पछिल्लो ४ दिनमा ३ सय २० भन्दा बढीको मृत्यु भएको हो। बिहीबारदेखि शनिबारसम्म उत्तर प्रदेशमा मात्र सबैभन्दा बढी १ सय जनाको ज्यान गएको हो।

बुधबारदेखि शनिबारसम्ममा राजस्थानमा चलेको तातो लहरका कारण ६० जनाको ज्यान गएको छ। यसैगरी झारखण्डमा ३७, ओडिसामा १८, मध्यप्रदेशमा २ र दिल्लीमा एक जनाको ज्यान गएको हो। अत्यधिक गर्मी भएपछि झारखण्डमा १ हजार ३ सय २६ जना अस्पताल भर्ना भएका छन्। पछिल्लो ३ दिनमा गर्मीकै कारण बिहारमा ६९ जनाको मृत्यु भएको तथ्यांक छ। जसमा यूपी-बिहारमा शुक्रबार मात्र ४० जनाभन्दा बढीको मृत्यु भएको छ। तीमध्ये लोकसभा चुनावी काममा खटिएका २५ कर्मचारी र अधिकारी छन्।

## सामाजिक कार्य गरी मनाए वैवाहिक बर्षगाठ



झापा(प्रस) । झापाको अर्जुनधारा-५ स्थित फुलबारीका सामाजिक ब्यक्तित्व राजु गिरी र मिनादेवी गिरीले आफ्नो वैवाहिक बर्षगाठ सामाजिक कार्य गरेर मनाएका छन् । उनीहरुले अपाङ्ग तथा असहायलाई सहयोग गरेर वैवाहिक बर्षगाठ मनाएका हुन् ।

गिरी दम्पतीले गत जेठ १७ गते परेको वैवाहिक वर्षगाठको अवसरमा घोषणा गरेको ह्वील चियर वितरणअन्तर्गत शनिवार अर्जुनधारा-४ टोल नं. २३ का अन्दाजी ३४ बर्षिय लक्ष्मण बस्नेतलाई प्रदान गरेका छन् । गिरी दम्पत्तीले दहीझोडा सामुदायिक बन उपभोक्ता समूहका उपाध्यक्ष अर्जुन बस्नेत र कार्यालय सचिव युवराज खड्कामार्फत अपाङ्गता भएका बस्नेतलाई ह्वील चियर वितरण गरेका हुन् ।

गिरी दम्पत्तीले आफ्नो, छोरा पंकज गिरी र छोरी प्रकृति गिरीको जन्मोत्सवमा पनि अपाङ्गता भएका व्यक्ति, दीनदुःखी, असहायलाई सहयोग गर्दै आएका छन् ।

परिवारका सदस्यको जन्मोत्सव तथा वैवाहिक बर्षगाठमा यसअघि पनि गिरी दम्पतीले असहाय तथा अपाङ्गता भएका व्यक्ति लाई सहयोग गरेका थिए । वैवाहिक बर्षगाठ र जन्मदिनमा होटल तथा रेष्टुरेन्टमा गरिने फजुल खर्चको साटो असहायहरुको सेवा गर्दा धेरै खुसी मिल्ने गिरीले बताए ।

सहारा नेपालका लेखा अधिकृतसमेत रहेका गिरीले जन्मोत्सव तथा वैवाहिक बर्षगाठमा गरिने फजुल खर्च कटाएर दीनदुःखीलाई सहयोग गर्न सबैलाई आग्रहसमेत गरेका छन् । भारतको दिल्लीमा भएको दुर्घटनामा सँगैको साथी गुमाएका लक्ष्मण बस्नेत हाल हातखुट्टा भाच्चिएर हिडडुल गर्न नसक्ने अवस्थामा रहेका छन् । उनलाई ह्वील चियरको सहायताले हिडडुल गर्न सहज होस् भनेर गिरी दम्पत्तीले बितरण गरेका छन् ।

यसअघि गत चैत १० गते परेको आफ्नो जन्मोत्सवमा पनि राजु गिरीले अर्जुनधारा-५ का अन्दाजी ६५ बर्षिय अपाङ्गता भएका टिटबहादुर साहलाई ह्वील चियर वितरण गरेका थिए ।

## एक महिनामा भित्रिए ९० हजार विदेशी पर्यटक

झापा(प्रस) । सन् २०२४ को मे महिनामा मात्र ९० हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले आइतबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यस महिना कूल ९० हजार २११ जना विदेशी पर्यटक नेपाल भित्रिएका हुन् ।

सन् २०२३ को तुलनामा यस वर्ष पर्यटक आगमन १६.१० प्रतिशतले वृद्धि भएको हो । सन् २०२३ को मेमा ७७ हजार ७०३ जना विदेशी पर्यटक नेपाल भित्रिएका थिए । प्रि-कोभिड भने यस्तो संख्या ७८ हजार ३२९ जना रहेको थियो ।

सार्वजनिक रिपोर्टअनुसार यस महिना सबैभन्दा बढी छिमेकी मुलुक भारतबाट ३८ हजार २८८ जना पर्यटक नेपाल भित्रिएका छन् । यो कूल आगमनको ४२.४४ प्रतिशतको हिस्सा हो ।

यस्तै, सोही अवधिमा अर्को छिमेकी मुलुक चीनबाट ८ हजार ३८१ जना पर्यटक नेपाल भित्रिएका छन् । यो कूल आगमनको ९.२९ प्रतिशत हो ।

एसियन महादीपअन्तर्गतका सार्क मुलुकहरूबाट ४३ हजार ८०३ जना पर्यटक आएका छन् भने अन्य दक्षिण एसियाली मुलुकहरूबाट १४ हजार ४२५ जना, युरोपेली मुलुकहरूबाट ११ हजार २१४ जना, सामुन्द्रिक मुलुकहरूबाट २ हजार ५१४ जना र अमेरिकी मुलुकहरूबाट ९ हजार ५४२ जना आएका छन् ।

यसै अवधिमा मध्यपूर्वी देशहरू इजरायल, टर्की लगायतका देशहरूबाट ७ हजार ७८३ जना पर्यटक नेपाल भित्रिएको विभागले जनाएको छ ।

## व्यवसायी राहत कोषका लागि निरौलाद्वारा ११ हजार सहयोग



झापा(प्रस) । बिर्तामोड उद्योग बाणिज्य संघले स्थापना गरेको 'व्यवसायी राहत कोष'का लागि रकम संकलन शुरु भएको छ ।

संघका कोषाध्यक्ष युवराज निरौलाले आफ्नो जन्मदिनको अवसर पारेर कोषमा ११ हजार एक सय ११ रुपैयाँ प्रदान गरे । बिर्तामोडका ब्यवसायीलाई बिपद् पर्दा सहयोग गर्ने उद्देश्यले संघले एक करोड रुपैयाँको व्यवसायी राहत कोष स्थापना गरेको हो । आफैंबाट रकम जम्मा गरेर कोष सञ्चालनको शुरुवात गरिएको कोषाध्यक्ष निरौलाले बताए ।

व्यवसायीको हितका लागि बिर्तामोड उद्योग वाणिज्य संघले एक वर्षभित्र कोषमा एक करोड रुपैयाँ जम्मा गर्ने लक्ष्य लिएको संघका अध्यक्ष राजु न्यौपानेले बताए । 'जन्मदिनको अवसरमा संघका कोषाध्यक्ष युवराजजी आफैंले रकम जम्मा गरेर कोष सञ्चालनका लागि सक्रियता देखाउनु भएको छ त्यसका लागि धन्यवाद दिन चाहन्छु' अध्यक्ष न्यौपानेले भने ।

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विघुतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

## झापा गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर



कुमरखोद(प्रस) ।झापा गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

वर्क फर नेपालको आयोजना तथा झापा गाउँपालिका वडा नं. १ , २ र ४ को समन्वयमा कुमरखोद स्वास्थ्य चौकीमा शनिवार एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो ।

स्वास्थ्य शिविरमा ५०१ जनाभन्दा बढीले निःशुल्क स्वास्थ्य परीक्षण गराउनुका साथै नेपाल टेलिकम बिर्तामोड शाखाबाट नमस्तेको १५० वटा सिम वितरण गरिएको वडा नं २ का वडाध्यक्ष हिमालकुमार चम्लागाईले बताए ।

शिविरमा जनरल मेडिसिनतर्फ १११ जना, प्रसूति तथा स्त्रीरोगतर्फ ३६ जना , हाडजोर्नी तथा नसारोगतर्फ १०३ जना , नाक,कान र घाँटीरोगतर्फ ५६ जना , आँखाको रोगतर्फ १५७ जना , दन्तरोगतर्फ ३८ जनासहित विशेषज्ञ डाक्टरद्वाराविरामीहरुको निःशुल्क चेकजाँच गरिएको कुमरखोद स्वास्थ्य चौकीका प्रमुख विक्रम राजवंशीले बताए। स्वास्थ्य चौकीका प्रमुख राजवंशीले ५०१ जना मध्येबाट ३० जना मुटु र २२ जना मोतिया विन्दुको विरामी भेटिएको बताए । मोतिया विन्दु देखिएका विरामीलाई मेची नेत्रालय दमक झापाले निःशुल्क अप्रेशन गरिदिने भएको छ । उक्त स्वास्थ्य शिविरमा आर्थिक सहयोग हेल्पिङ हेन्ड फर रिलिफ एण्ड डेभलपमेन्टले गरेको थियो भने प्राविधिक सहयोग निम्स नेशनल अस्पताल दमक र झापा गाउँपालिका स्वास्थ्य शाखाले गरेका थिए । स्वास्थ्य शिविरमा आएका विरामीहरुलाई निःशुल्क औषधी वितरणसमेत समेत गरिएको थियो ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन **वर्गीकृत विज्ञापन**


**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



**मानव डेन्टल**
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
कॉकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यहीं हो मानव डेन्टलको पहिचान**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ